नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६७ श्रावण पूर्णिमा/गुंपुन्हि- वर्ष ३८ अंक ४
बु.सं. २५५४ ने.सं. ११३०

The Ananda Bhoomi (Year 38, Vol. 4)
A Buddhist Monthly : August/Sep 2010

*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकारः*
**भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
**भिक्षु सरणंकर**
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
**भिक्षु पियदस्सी, भिक्षु नारद**

*लेखा व्यवस्थापनः*
**भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन**
स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्*
**विनोद महर्जन**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

## बुद्धवचनामृत



**मासे मासे सहस्सेन - यो यजेथ सतं समं ।**
**एकं च भावितझत्तानं - मुहुत्तमझपि पूजये ।**
**साये व पूजना सेय्यो - यं चे वस्ससतं हुतं ॥**

*अर्थात् : महिनैपिच्छे हजारौं रूपैयाँ खर्च गरी यज्ञ (होम) गर्नेलाईभन्दा संयमी व्यक्तिलाई क्षणभर मात्र भएपनि पूजा, सत्कार गर्नु बेस । सयवर्ष होम गरेकोभन्दा क्षणभर गरेको त्यस्तो पूजा नै श्रेष्ठ हो ।*

**लां ला, सलंस, दोलं दो फुका यज्ञ-होम यानागुया पुण्य स्वया नं परिशुद्धम्ह चित्तम्हसित घौछिजक पूजा सत्कार यानागुया पुण्यफल उत्तम जुइ ।**

If, month after month, for a hundred years one offers sacrifices by the thousand, and if for a single instant one offers homage to a being full of whisdom that single homage is worth more than all those countless sacrifices.

**- धम्मपद, १०६**

***वितरणार्थ सहयोगीहरुः***

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/-** **एकप्रति रू. १५/-** **वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# सम्पादकीय

## हात्ती आयो हात्ती आयो फुस्सा नहोस्

देशमा के के न हुनेजस्तै ठूलै परिवर्तनको प्रवाहमय गतिशीलता तथा समग्र नेपालकै ऐतिहासिक परिवर्तनको छनकसँगै आज यो मुलुक धर्मनिरपेक्षतासहितको गणतन्त्रमा प्रवेश गरिसकेको छ । हात्ती आयो हात्ती आयो फुस्सा भनेभैं पो हुने हो कि भनेजस्तो चलखेलको नौटंकी मञ्चन भइरहेको छ । माल पाएर चाल नपाउनेहरू जस्तै संविधान सभाजस्तो थलो पाइसकेर पनि प्राप्त ऐतिहासिक उपलब्धिलाई साकाररूप दिन जुन प्रकारका जिम्मेदारी भूमिका निर्वाह हुनुपर्ने-गरिनुपर्ने हो त्यसमा खासै चासो नदिनु वा दिन नसक्नु नेपाली जनमानसका लागि चिन्ताको विषय भएको छ । आसन्न संविधान सभाबाट गत जेष्ठ १४ का दिनभित्र नयाँ संविधानको घोषणा गरिनुपर्ने ऐतिहासिक जिम्मेवारी छायाँमा पर्‍यो, जुँगाको लडाईँमा टसमस गर्दै कुदिरहेका नेता भनाउँदाहरूबाट खइ के पो आशा गर्न सकिन्छ !? आशाको दियो कहिले पो भ्याप्प निभ्ने हो, त्यो त भविष्यले सावित गरिहाल्छ नै । नयाँ संविधानको सपनासहित बाँचिरहेका जनतालाई अर्को एकवर्षभित्र पुरा हुने/गरिने भनी सुनौलौ आश्वासन बाँडिएको छ, अहिलेको हविगत हेर्दा त के होला, के गरिखालान् त भनी लख काट्नेहरूको संख्या पो बढ्दो छ, यसो हुनुमा स्वयं खोको सपना बुन्ने, झूटो आश्वासन बाँड्ने, सहमतिको नाउँमा सधैं भाँडभैलो मच्चाएर म पिटुँजस्तो गर्छु तिमी रोएकोजस्तो बहाना गर भनाउँदाहरूकै दोषका कारण हुन् ।

देशमा कार्यकारी प्रधानमन्त्रीजस्तो पदमा आसीन गराउन आपसी सहकार्य हुन नसक्दा, चयन प्रकृयाको पाँचौं पटकसम्म निकम्मा परिणामबाहेक अरू प्राप्त हुन सकेको छैन । वस्तुतः यसो हुनाको प्रमुख कारण जिम्मेवार राजनीतिक पार्टी, बहुसंख्यक नेतृत्व स्वयं राष्ट्रियहित र स्वार्थप्रति गम्भीर हुन नसक्नु, उनीहरू स्वार्थ र निकृष्ट तवरले पार्टी र व्यक्ति केन्द्रित राजनीतिभन्दा माथि उठ्न नसक्नु, एकातिर जनसमक्ष सहमतिको ढोङ् गर्ने अर्कोतिर विमतीय एवं कलहपूर्ण रूप प्रदर्शन गरी कुर्सिकै लागि आपसी खिचातानीमैं व्यस्त रही एकले अर्कोलाई जसरी भएनि सिध्याउने, एकले अर्कालाई जुधाउनेर-फुटाउने अनि एक्ल्याउने जस्ता राजनीतिक बेइमानी चालबाजीमैं अल्भिनाले हो । त्यसरी नै यिनीहरू आआफ्ना डम्फु बजाउनमैं मस्त छन्, देश र जनतालाई कहिले उक्साउने, कहिले थचार्नमैं रमाइरहेका छन्, आफ्नै गोरूको बाऱ्है टक्का भनी लिंडेढिप्पी कसी आफू मात्र ठीक अरू बेठीक, आफू मात्र सही अरू गलत भन्ने नकारात्कक सोचसहित झूठको खेती गर्दै सम्पूर्ण जनतालाई गुमराहमा पार्ने त होइन भन्ने अत्यन्त सन्देहात्मक संवेदनशील प्रश्न खडा भएको छ ।

समयले त कसैलाई पर्खँदैन, फेरि पनि तोकिएको समयमैं नयाँ संविधानको घोषणा हुने कुरामा विभिन्न शंकाउपशंका हुनु स्वाभाविक हो भने यस्ता सन्देहयुक्त आशंकाका कारण देशमा ठूलो राजनीतिक दुर्घटना हुने र प्राप्त ऐतिहासिक राजनीतिक उपलब्धिलगायत अन्य आधारहरू समेत गुम्ने आशंकाले जनमानस त्रसित हुनु पनि स्वाभाविक नै हो । राजनीतिक अस्थिरताका कारण हिलोमा माछा मार्ने दाउ गरिरहेकाहरूलाई चाहिं बल्ल घैंटोमा घाम लाग्ने भो भनेजस्तो हुनु स्वाभाविक नै देखिन्छ ।

हामीलाई थाहा छ कि, निश्चय पनि राजनीतिक फोहरी खेलले झन् झन् देशको तरल राजनीति तथा त्रासदिपूर्ण संक्रमणकाल लम्बी अस्थिरता, अराजकता र अन्यौलताले निरन्तरता पाउँदै जाने हुन्छ । अनि विगतमा पूर्वप्रधानसेनापतिलगायत पुनरूत्थानवादी राजनैतिक पार्टीहरू समेत धर्मनिरपेक्षता बारे जनमत संग्रह गरिनुपर्छ भनी लागिपरेअनुरूप त्यसलाई अझ सशक्त बनाउनमा थरिथरिभाषा, थरिथरि गतिविधिलाई तिब्र पारिरहेका छन् ।

विभिन्न राजनीतिक दलबीच स्थापित वृहत शान्ति सम्झौताले अन्तरीम संविधान-०६३ हुँदै नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक-गणतान्त्रिक राज्यका रूपमा अगाडि बढाउने निर्णयसहित वर्तमान संविधान सभासम्मको कठिन यात्रा तय भएको हो भने आज धर्मनिरपेक्षता, गणतन्त्र र संघीयता आवाज बुलन्द गर्नेहरू एक हुँदै हुँकार गर्दैछन् भने कोही कोही पुनः साँस्कृतिक तवरको राजतन्त्र स्थापना भई हिन्दूराष्ट्र नै कायम गरिनुपर्ने भनी मुख खोल्दै मुकअमुक अभियान संचालनमा देखिनु, भूमिगत रूपमैं भएपनि आफ्नो अभिष्टरूप पुरा गर्न दिनरात खटिरहेका छन्, त्यतातिर धर्मनिरपेक्षवादीहरूको ध्यान कतिको केन्द्रित भइरहेको छ, यो सोचनीय विषय भएको छ ।

जिम्मेवार भनाउँदाहरू समेत जिम्मेवारी बोध नगरिकन अगाडि बढ्नु गम्भीर विषय हो । ती कदमले भोलिको संविधानमा धर्मनिरपेक्षताको पूर्ण ग्यारेण्टी हुनेछ भन्नु धोका हुनसक्छ । सम्बद्धपक्षबाट राजनैतिक बेइमानी नहोला भन्न सकिन्न । त्यसैले सन्देहका साथ हामी धर्मनिरपेक्षतावादीहरूले चेतनामूल क्रियाकलापलाई निरन्तरता दिने क्रममा जनगणनाजस्तो संवेदनशील पक्षलाई कसरी समेट्ने हो त्यतातिर पनि ध्यान केन्द्रित गर्ने हो कि !?

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | म र भिक्षु कुमार काश्यप दुवै ८४ औं वर्षमा प्रवेश | संघनायक भिक्षु अश्वघोष महास्थविर | ४ |
| २. | लुम्बिनीमा पर्यटनको विकास | वीणा कंसाकार | ६ |
| ३. | अन्धविश्वास र मिथ्या दृष्टिबाट बचौं बचाऔं | प्रा. डा. गणेश माली | ८ |
| ४. | मेरो स्मृतिको परिवेशभित्र श्रद्धेय कुमार भन्ते | घनश्याम राजकर्णिकार | ११ |
| ५. | अक्षय सुख भेट्टाउन समता जरूरी | लोक बहादुर शाक्य | १३ |
| ६. | नेपालमा बुद्धधर्म उत्थानका लागि वर्तमान भिक्षुहरूको भूमिका | भिक्षु धर्ममूर्ति महास्थविर | १५ |
| ७. | आजको आवश्यकता - वृद्धाश्रम | आशाकाजी सेवक | १७ |
| ८. | बौद्ध वृद्धाश्रम, बनेपाबारे जानकारी | | २० |
| ९. | त्रिपिटक धम्म यात्रा | दुण्ड बहादुर बज्राचार्य | २२ |
| १०. | Meaning of Theravada | कोण्डन्य | २९ |
| ११. | बौद्ध गतिविधि | | ३१ |



आनन्द भूमि

यस अङ्क




गताङ्कमा




**पढौं पढाऔं,**

**समयमैं वार्षिक ग्राहक बनौं**

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।

फोनः ४२७१४२०

E-mail : anandakutivihar@ntc.net

# म र भिक्षु कुमार काश्यप दुबै ८४ औं वर्षमा प्रवेश



✍ संघनायक भिक्षु अश्वघोष महास्थविर

भिक्षु कुमार काश्यप किण्डोल विहारमा बस्नुहुँदा म उपासक थिएँ । उहाँ त्यतिबेला सबैभन्दा कान्छो श्रामणेर हुनुहुन्थ्यो । उहाँ मभन्दा ३ वर्षपहिले श्रामणेर भन्ते हुनुभएको थियो, श्रामणेर प्रव्रज्याअनुसार उहाँ मभन्दा जेठो थियो । उहाँभन्दा ३ वर्षपहिले म उपसम्पदा भिक्षु भएँ, अनि म जेठो भएँ । म जन्मेको जेठ महिनामा र उहाँ श्रावण महिनामा जन्मनुभयो । यसअर्थमा उहाँ मभन्दा कान्छो हुनुभयो । अहिले उहाँ मभन्दा बुढो देखिनुहुन्छ, रौं पनि फुलिसकेको छ । तसर्थ उहाँ मभन्दा जेठो देखिन्छ र सबैले त्यसरी नै मान्दछन् ।





हामी दुबैजना नङ र मासुजस्तै सम्बन्ध भएको साथी थियौं । उहाँ किण्डोल विहारमा हुँदा म पूज्य अमृतानन्द भन्तेको आचार्यत्वमा कुशीनगरमा पूज्य चन्द्रमणि महास्थविरबाट प्रव्रजित भएर श्रीलंका गएँ । म श्रीलंकामा छँदा श्री ३ जुद्ध शम्शेरले नेपालबाट ८ जना भिक्षुश्रामणेरहरूलाई देश निकाला गरे । त्यसमा कुमार श्रामणेर पनि पर्नुभएको रहेछ । त्यसपछि उहाँ श्रीलंका आउनुभयो । कहिले कहिले उहाँ बिरामी हुँदा औषधोपचारको लागि अस्पतालमा भर्ना हुँदा म बारम्बार हेरविचार गर्न जाने गर्दथें । त्यस बखत उहाँ आँखाबाट आँशु झार्दै रूनु हुन्थ्यो । म पनि बिरामी हुँदा अस्पतालमा भएको बेला साथी कुमार काश्यप बारम्बार हेरविचार गर्न आउनुहुन्थ्यो । त्यस बखत म पनि रून्थें । त्यहाँ नातेदार कोही हुँदैनथ्यो । न्हुच्छे बहादुर वज्राचार्य एकजना मात्र थियो, उहाँ कहिलेकाहिं हेर्न आउनुहुन्थ्यो ।

हामी दुबैजना बिरामी हुँदा मन कमजोर हुन्थ्यो, त्यसैले रून मन लाग्थ्यो । म बैंककमा पक्षाघात (प्यारालाइसिस) रोगको शिकार बनेर अस्पतालमा उपचार गरिरहेको बेला मलाई हेर्न थुप्रै नेपालीहरू आउँदा खूब रून्थें । त्यसताका चौबिसैघण्टा सँगै बसेर कोण्डन्यले सेवा गरिरहेको थियो । म रूँदाखेरि कोण्डन्यले त्यसरी रूँदा रोग झन बढ्छ, झन् रोगले च्याप्छ, अनि मन झन कमजोर हुन्छ भनी सम्झाउने गर्दथ्यो । आजकाल पनि कहिलकाहिं आनन्द कुटीमा जाँदा साथी भिक्षु कुमार काश्यप आँशु पुछ्दै बस्नुहुन्छ ।

अब फेरि हामी दुबैको सम्बन्ध बारे चर्चा गरौं । कुमार काश्यपले श्रीलंकामा १३ वर्ष जति धर्मको अध्ययन गर्नुभयो । उहाँले त्रिपिटकाचार्य उपाधि उत्तीर्ण गर्नुभयो । म ८ वर्ष श्रीलंकामा बसेर कुनैपनि परीक्षा उत्तीर्ण गर्न सकिनं, केवल व्यक्तिगत रूपमा पोख्त दुईजना विद्वान भिक्षुहरू समक्ष बुद्धधर्म र पालिभाषा अध्ययन गरें । पछि हिन्दुस्तानमा बि. ए. सम्म अध्ययन गरें, तर फेल भयो ।

म पूज्य अमृतानन्द भन्तेको जेठो शिष्य भएर पनि आनन्द कुटीमा टिक्न सकिनं । कुमार काश्यपचाहिं पूज्य प्रज्ञानन्द भन्तेको चेला भएर पनि उहाँ आनन्द कुटीमा बसेर पूज्य अमृतानन्द भन्तेको बुद्धकालीन ग्रन्थ प्रकाशनमा ठूलो योगदानमय सहयोग गर्नुभयो । आज उहाँ आनन्द कुटी विहारको प्रमुख भिक्षु बन्न सफल हुनुभयो, उहाँलाई साधुवाद छ । मचाहिं अकृतज्ञ

बन्न पुगें ।

भिक्षु कुमार काश्यपको ब्रह्मचर्या शुद्ध छ । मतलब उहाँ बाल ब्रह्मचारी हुनुहुन्छ । मचाहिं विवाहित भइसकेको हुँदा मेरो ब्रह्मचर्या शुद्ध भएन ।

धेरैजसो एक दुईघण्टामैं पढेर सकिने खालका दर्जनौं मेरा पुस्तकहरू प्रकाशित भएका छन् । उहाँले कतिपय पुस्तक लेख्नुभएको र प्रकाशित भएकोमध्ये जस्तै दशपारमिता र गृहीप्रतिपत्ति पुस्तकहरू धेरैजनालाई मन पर्छ । एकदिनमैं पढेर सकिंदैन, मोटो खालको । उहाँ थेरवाद कट्टर समर्थक हुनुहुन्छ । उहाँ विवादास्पद कुरा केही लेख्नु हुन्न ।

मैले पनि दर्जनौं पुस्तक लेखी प्रकाशित गरें, तर कतिपय पुस्तक थेरवाद अनुकूल भएन र मानिस असल मानिस बन्नुपर्ने खालको मौलिक "धर्म"को पुस्तक लेखें । "बुद्धवाद" नामक पुस्तक लेख्दा त्यस पुस्तकको बारे पूज्य अनिरूद्ध महास्थविरले आलोचना गरी पत्रिकामै स्पष्ट रूपमा "बुद्धवाद होइन्, अश्वघोषवाद हो" भनी आलोचना गर्नुभयो । त्यस पुस्तकमा केही कुरा थेरवाद अनुकूल नभएको हुनसक्छ । त्यही पुस्तकको द्वितीय संस्करणमा "मैले बुझेको बुद्धधर्म" भनी नाम फेरिदिएँ ।

"बुद्धया अर्थनीति" नेवारभाषामा हामी दुबै मिलेर संयुक्त रूपमा लेखेका हौं । त्यो पुस्तक लेख्दाखेरि केही विषयमा उहाँ सहमत हुनुभएन । त्यसैले एउटा परिच्छेद नै हटाइदियौं ।

उहाँ शुद्ध थेरवादी भिक्षु हुनुहुन्छ । उहाँले प्रवचन र धर्म उपदेश गर्नुहुँदा थेरवादी भनी बारम्बार चर्चा गर्नुहुन्छ । मचाहिँ धर्मको मात्र प्रचार गर्छु किनभने बुद्धले धर्मको मात्र प्रचार गर्नुभएको देख्छु । थेरवादी भनी बुद्धले प्रचार गर्नुभएको पाइएको छैन । बुद्धको परिनिर्वाणपछि मात्र भिक्षुहरूमा धर्मसम्बन्धी मतभेद भएर थेरवाद र महायान भनी भेद देखिएको हो ।

उहाँलाई र मलाई एउटै दर्जामा राखेर म्यानमार (बर्मा) सरकारले धर्म प्रचार गरेबापत **'अग्गमहासद्धम्मजोतिकधज'** नामक उपाधि प्रदान गरियो ।

भिक्षु कुमार काश्यपमा कुनै प्रकारको राजनैतिक पार्टीको रङ्ग लागेको छैन । ममा चाहिँ एकताका राजनीतिक पार्टीको रङ्ग लागिसकेको थियो । तसर्थ यहाँ यस दृष्टिकोणले भिक्षु कुमार काश्यप मभन्दा शुद्ध छ । तर अहिले म मध्यममार्गी बनें । राजनीतिदेखि वाक्कदिक्क भइसकें । हो, म चीनमा औषधोपचार गरेर नयाँ जीवन पाएकोले चीन समर्थक भएँ ।

अन्तमा, म आनन्दकुटीमा किन टिक्न सकिनँ, यसबारे केही शब्द लेख्नु अत्युक्ति नहोला । सबै व्यक्तिमा आ-आफ्नो स्वभाव हुँदो रहेछ । कुनै बेला मैले आनन्दकुटीमा धार्मिक कार्यक्रम बनाउँदै थिएँ, तर आवासीय भिक्षुहरूलाई र गुरूलाई समेत कुनै जानकारी नै हुँदैनथ्यो, म जानकारी नै गर्दिनथें । यसले गर्दा म असफल भएँ । यो मेरै कमजोरी र गल्ती पनि थियो । कमसेकम केही गर्दा मैले गुरूको अनुमति लिनै पर्थ्यो । भन्नलाई त कुमार काश्यप नङ्ग र मासुजस्तै सम्बन्ध भएको साथी भन्छु, तर आफ्नो साथीसँग सल्लाह गर्नुपर्ने थियो, सल्लाह गर्ने चलन नै नहुनु मेरो कमजोरी पक्ष हो । कहिलेकाहिं आफ्नो स्वभाव सम्झिंदा कस्तो स्वभाव रहेछ भन्ने चिन्तना हुन्छ, त्यतिबेला आफ्नै कमजोरी हो भन्ठान्छु ।

बनेपामा ध्यानकुटी निर्माण गर्नलाई पनि पूज्य गुरू अमृतानन्द भन्तेको अनुमति लिनुपर्थ्यो, त्यसो गर्न सकिनं, मलाई होश नै भएन । कतै यो मेरो अहंकारको लक्षण त होइन ? जस्तो पनि लाग्छ । ध्यानकुटी निर्माण गरेर पूर्वमा बनेपा, धुलिखेल, पनौति, खोपासी, पलाञ्चोक, नाला, साङ्गा आदि ठाउँमा बुद्धको शिक्षा प्रचारप्रसार गर्न सकेको नराम्रो कुरा त अवश्य पनि होइन । स्मरणीय छ, कुनै बेला पूज्य गुरू अमृतानन्द भन्तेले भन्नुभएको थियो - "तिमी आनन्दकुटीमा नबसे पनि बुद्धधर्म प्रचारप्रसार गरिरहेको देख्दा खुशी छु ।" यो कुरा सुन्न पाउँदा मेरो मनमा आनन्दको महसुस भयो ।

पुछारमा, मैलेभन्दा बढि साथी कुमार काश्यपले बुद्धधर्म (थेरवाद) प्रचारप्रसार गर्नुभएको छ । उहाँले अरू कसैको चित्त दुखाउनुभएको छैन जस्तो लाग्छ । यस कुरामा म अपवादबाट बचेको छैन । यस अर्थमा भिक्षु कुमार काश्यप मभन्दा माथि पुगेको व्यक्तित्व हुनुहुन्छ । यस पुण्यद्वारा उहाँको सु-स्वास्थ्य लाभ होस् भनी हृदयदेखि कामना गर्दछु ।

भवतु सब्ब मंगलं ।

२०६७ श्रावण १४, ध्यानकुटी विहार, बनेपा

# लुम्बिनीमा पर्यटनको विकास

- वीणा कंसाकार

नेपालका राष्ट्रिय विभूति, एशियाका ज्योति शाक्यमुनि बुद्धको जन्मस्थल लुम्विनी संसारकै एक पवित्र बौद्ध तीर्थस्थल जहाँ करोडौं बौद्धहरू आफ्नो श्रद्धा र आस्था प्रकट गर्दछन् । राष्ट्रको यस गौरवपूर्ण स्थल, जसले नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठापूर्ण पहिचान दिएको छ । साथै बुद्ध जन्मभूमि लुम्विनी भन्नु नै शान्तिको प्रतीक हो । यसर्थ यस पवित्र लुम्विनी क्षेत्रको विकास गर्नु केवल बौद्ध संघ-संस्थाहरूको मात्र दायित्व नभई सरकार र राष्ट्रकै दायित्व र कर्तव्य हुन आउँछ ।

विगत ३ दशकदेखि बौद्ध महिला संघ, नेपालको उद्देश्यअनुरूप बुद्धधर्मको समुन्नत विकासका लागि बुद्ध-शिक्षाको प्रचारप्रसार, विपश्यना ध्यानका कार्यक्रम तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू निरन्तर गर्दै आइरहनुका साथै लुम्विनीमा निर्माणाधीन स्वयम्भू आकारको महाचैत्य निर्माणमा अर्थ संकलन गरी सक्दो सहयोगहरू गर्दै आइरहेको छ । ती प्रयास र सहयोगमा मात्र सीमित नभई राष्ट्र निर्माण कार्यमा अझ सशक्त एवं पृथक तवरले राष्ट्रिय स्तरमै केही कार्यक्रमहरू गर्नुपर्ने धारणा राखी बौद्ध महिला संघ, नेपालद्वारा हालै २०६७ आषाढ १८ (2nd July 2010) का दिन "लुम्बिनी पर्यटन विकास" विषयक एक दिने कार्यशाला गोष्ठी आयोजना गरियो । उक्त गोष्ठीको मूल उद्देश्य नै लुम्बिनीमा पर्यटन विकास गर्नु यस बौद्ध महिला संघको उद्देश्य हो ।

वर्तमान परिवर्तित नेपालको अस्तव्यस्त राजनैतिक माहौलमा सरकारद्वारा देशको सामाजिक, धार्मिक, साँस्कृतिक एवं पर्यटकीय क्षेत्रमा विकासका कुराहरू जति नै गरिरहेतापनि कुनै विकास वा सकारात्मक परिवर्तनको महशुस जनतामा भइरहेको छैन । वर्तमान देशको खस्कँदो आर्थिक स्थितिमा सुधार ल्याउन देशको मेरूदण्डको रूपमा रहेको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्नका लागि विकास योजनाहरू अघि बढाउन सकेमा लुम्बिनीका स्थानीय जनताहरूको जीवनस्तर उकास्न र देशकै अर्थनीतिमा समेत ठूलो सहयोग पुग्नेछ भन्ने हाम्रो धारणा रहेको छ । यसर्थ देशको यस अमूल्य निधि लुम्बिनीको विकासमा पर्यटन विज्ञ, पर्यटन प्रवर्द्धन सम्बन्धित पक्ष वा निकाय एवं नेपाल सरकारको ध्यानाकृष्ट गराउन बौद्ध महिला संघद्वारा आयोजित यस गोष्ठीका विभिन्न उद्देश्यहरू मध्ये बुद्ध जन्मभूमि लुम्बिनीलाई विश्वकै उत्कृष्ट बौद्ध तीर्थस्थलको रूपमा विकास गर्ने, "लुम्बिनी विश्व शान्तिको मुहान" भन्ने नारालाई सार्थक पार्ने बुद्धको जन्मस्थल लुम्बिनी नै हो भन्ने निर्विवाद रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने तथा विश्व सम्पदा सूचीमा सूचीकृत यस लुम्बिनीलाई बुद्धधर्म, बौद्ध कला, साहित्य, दर्शन आदिको अध्ययन, अन्वेषणको केन्द्रको रूपमा विकास गर्ने एवं नेपाल सरकारद्वारा घोषित "पर्यटन वर्ष २०११" लाई सहयोग पुऱ्याउन विश्वका बढि से बढि पर्यटकहरूलाई लुम्बिनी भ्रमण गर्न आकृष्ट गराउने आदि हुन् ।



यस कार्यशाला गोष्ठीमा "लुम्बिनी पर्यटन विकास" विषयमा बौद्ध विद्वान तथा पर्यटनविज्ञ कर्ण शाक्य तथा श्रीलंकाका महामहिम राजदूत थोसापाल हेवागेबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । प्रस्तुत कार्यपत्रमा लुम्बिनीलाई ऐतिहासिक, धार्मिक, पुरातात्विक संरक्षण एवं विकासका साथै त्यस क्षेत्रको प्राकृतिक सुन्दरता, त्यहाँ पाइने जीवजन्तु, चराचुरूङ्गीहरूको आरक्षण गरी वातावरणीय विकासमा पनि ध्यानाकर्षण गर्नुपर्ने कुरा औंल्याउनुभयो । देशको यस अमूल्य निधिलाई विश्व बजारमा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न लुम्बिनीलाई शान्ति क्षेत्र (Zone of Peace) घोषणा गर्नुपर्ने कुरा जोडदार रूपमा उल्लेख गरिएको छ । शान्ति नायक गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई शान्ति क्षेत्र (Zone of Peace) घोषणा गर्न सकेमा



त्यहाँ धार्मिक-पर्यटनका साथै शान्ति-पर्यटन पनि स्वतः बढ्ने हुन्छ, जसले गर्दा विदेशी मुद्रा आर्जनमा बृद्धि भई देशको अर्थतन्त्रमा समेत सकारात्मक सुधार हुनेछ । यसका साथै अन्तर्राष्ट्रिय जगतमा समेत नेपालको प्रतिष्ठा बृद्धि हुनेछ भन्ने हाम्रो धारणा छ । गोष्ठीमा उपस्थित विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, विभिन्न बौद्धिक व्यक्तिहरू, सम्बन्धित विषयका विज्ञहरूद्वारा छलफल सल्लाह, सुझावहरू सबै अध्ययन गरी ७ बुँदे घोषणा-पत्र जारी गरिएको थियो । घोषणा पत्रमा उल्लेख बुँदाहरू :–

१) लुम्विनीलाई शान्ति क्षेत्र (Zone of Peace) को रूपमा घोषणा गरौं ।

२) लुम्बिनीमा स्वेदेशी पर्यटकहरूलाई आकर्षण गरौं ।

३) विश्वकै एक महान बौद्ध तीर्थस्थलको रूपमा लुम्बिनीलाई प्रस्तुत गर्न धार्मिक क्रियाकलापहरू जस्तैः– नियमित परित्राण पाठ, बुद्धशिक्षाको पठनपाठन, प्रवचन तथा ध्यान भावनाको प्रबन्ध गराऔं ।

४) लुम्विनीका स्थानीय बासिन्दाहरूलाई आफ्ना संस्कृति, रिति रिवाज, कलाकृति, पर्व भेषभुषा, नाचगान, स्थानीय शीपबाट उत्पादित बस्तुहरू सबैको पर्यटकीय महत्व बारे जागरण गराई पर्यटन क्रियाकलापमा संलग्न गराऔं ।

५) मायादेवी मन्दिर नभनी "मायादेवी सुपुत्र बुद्धको जन्मस्थल" को नामाकरण गरी चलन चल्तिमा ल्याऔं ।

६) लुम्बिनीलाई आकर्षक गन्तव्यको रूपमा विकास गर्न भौतिक पुर्वाधारहरू जस्तैः– प्रदूषणमुक्त वातावरण, सरसफाई, बाटो, विद्युत, पानी शौचालय, अस्पताल, संचार, सूचना केन्द्र, होटल, रेष्टुराँ, दक्ष पथ प्रदर्शक, यातायातका साधनहरू आदि सुलभ तरिकाले उपलब्ध गराऔं ।

७) लुम्बिनीमा आउने धार्मिक-पर्यटकहरूलाई साल वृक्षको विरूवा, पवित्र पुष्करनीको जल र बुद्ध जन्मभूमिको माटो उपहारस्वरूप प्रदान गराऔँ ।

माथि उल्लेखित घोषणा पत्र तथा गोष्ठीमा भएका छलफल सुझावसल्लाह सबै संकलन गरी अवधारणा पत्रिका (Proceeding) प्रकाशित गरेको छ । यस अवधारणा पत्रिकालाई नेपाल सरकारलगायत अन्य पर्यटनसम्बन्धी संम्पूर्ण सम्बन्धित निकायहरूमा पेश गर्ने हाम्रो योजना रहेको छ । साथै यस अवधारणा पत्रिकामा दिइएका सुझावहरूलाई सम्पूर्ण सम्बन्धित निकायद्वारा विशेष स्थान दिई कार्यान्वयन पक्ष उन्मुख हुनेमा हामी विश्वस्त छौं ।

गोष्ठीमा अखिल नेपाल भिक्षु महासंघका पूर्व अध्यक्ष त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर, सभासद् भिक्षु आनन्द स्थविर, लु.वि.कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्य स्थविर, प्रमुख भिक्षु संघको गरिमामय उपस्थित रहेको थियो । समुद्घाटन कार्यक्रममा माननीय संस्कृति मन्त्री एवं लु.वि.कोषका अध्यक्ष श्री मिनेन्द्र रिजाल एवं लु. वि. कोषका उपाध्यक्ष आचार्य कर्मा साङबो शेर्पाबाट लुम्विनी बारे मन्तव्य ब्यक्त गर्नुभएको थियो । संघका का. बा. अध्यक्ष डा. केशरी लक्ष्मी मानन्धरको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा संघका महासचिव मीरा ज्योतिबाट स्वागत मन्तव्य एवं उपाध्यक्ष वीणा कंसाकारबाट धन्यवाद ज्ञापन भएको थियो । ठूलो संख्यामा संघ संस्थाका प्रतिनिधि एवं बौद्धिक व्यक्तिहरूबाट अत्यन्त उत्साहपूर्वक भाग लिएको यस गोष्ठी समग्रमा भन्नुपर्दा अत्यन्त सफल भएको छ । यस गोष्ठीबाट लुम्बिनीको विकास कार्यमा नयाँ गति लिनुका साथै विकास कार्यमा तीव्रता आउने छ भन्ने हामीले विश्वास लिएका छौं । यस बौद्ध महिला संघ, नेपालद्वारा देशको समय परिस्थिति हेरी आफ्नो लक्ष प्राप्तिको लागि राष्ट्र निर्माणको कार्य तथा लुम्बिनीको विकासको लागि विभिन्न किसिमका कार्यक्रमहरू भविष्यमा पनि गर्दै जाने संघको उद्देश्य रहेको छ ।

गोष्ठीमा उपस्थित हुनुहुने श्रद्धेय भिक्षु संघ, अनागारिका गुरूमाँहरू तथा कार्यपत्र प्रस्तोताहरू, समीक्षकद्वय एवं उपस्थित सम्पूर्ण संघसंस्था तथा विद्वत वर्गमा बौद्ध महिला संघ, नेपाल सधन्यवादसहित साधुवाद प्रकट गर्दछ ।

# अन्धविश्वास र मिथ्या दृष्टिबाट बचौं बचाऔं



✍ प्रा.डा. गणेश माली

भगवान् बुद्धको दुःख विनाशक परम हितकारी धर्मको मूल केन्द्र विन्दू हो - प्रज्ञा । शील पालनद्वारा अकुशल कर्मछोडी कुशल कर्ममा लागेका चित्त चंचल हुँदैन, सुसमाहित स्थिर हुन्छ, यस्तै समाधिस्थ चित्तमा यथार्थता वा वास्तविकतालाई छर्लङ्ग देख्नसक्ने दृष्टि उत्पन्न हुन्छ, सम्यक् दृष्टि उत्पन्न हुन्छ, प्रज्ञा उत्पन्न हुन्छ । प्रज्ञावान ध्यानी व्यक्ति बुद्धि विवेकयुक्त हुन्छ, प्रज्ञावान व्यक्ति मिथ्यादृष्टि र अन्धविश्वासको अन्धकारबाट माथि उठेको हुन्छ, प्रज्ञावान व्यक्तिलाई नै अविचल शान्ति र सत्य प्राप्त हुन्छ । प्रज्ञायुक्त व्यक्ति नै साँचो अर्थमा असल मान्छे बन्दछ ।

दुःख विनाश गरी परमसत्य र शान्ति प्राप्त गराउने शील-समाधि-प्रज्ञारूपी आर्यअष्टाङ्गिक मार्गमा धर्मको बाटोमा लाग्न चाहने व्यक्तिको लागि पथभ्रष्ट गराउने दुई खतरनाक शत्रुहरू हुन्- अन्धविश्वास र मिथ्यादृष्टि । यी दुई खतरनाक शत्रुहरू कस्ता हुन् यिनीहरूबाट आफू बच्नु र अरूलाई बचाउनका लागि के गर्नु पर्छ भन्ने बारे प्रस्तुत लेखमा छोटो विवेचना गरिएको छ ।

## १. अन्धविश्वासः

कुनैपनि विषयमा यथार्थ जानकारी प्राप्त गर्नुको साटो, केवल अन्दाजीकरण वा अठोटको भरमा 'यो यस्तै हो' भनी ठोकुवा गरी विश्वास गर्ने वा गराउने प्रकृयाबाट अन्धविश्वासको उत्पत्ति हुन्छ । कुनै विषयमा यथार्थ ज्ञानको अभाव, अर्थात् अज्ञान नै अन्धविश्वासको मूल श्रोत हो ।

कुनैपनि विषयमा यथार्थ जानकारी प्राप्त गर्न वैज्ञानिक पद्धति अपनाउनु पर्ने हुन्छ (जस्तो कि बुद्धले संसारमा सबै प्राणीहरूलाई सताइरहेको दुःखरूपी समस्या बारे वैज्ञानिक पद्धति अपनाई सो समस्याको अध्ययन र समाधान पनि गरे) तर निरीक्षण-परीक्षण-प्रयोग अन्वेषण-अनुसन्धानको वैज्ञानिक बाटो, समस्या हेरी, कुनैमा छोटो र छिटो पनि हुन्छ भने कुनैमा लामो र साधनहरूको अभावमा कठिन पनि हुन्छ ।

मानव जातिको एउटा विशेषता के छ भने जहाँ जहाँ अन्वेषण र अनुसन्धानको वैज्ञानिक पद्धति छिटो र छरिटो हुन्छ भने त्यहाँ वैज्ञानिक बाटो अपनाइन्छ तर जहाँ लामो र साधनको अभावमा वैज्ञानिक पद्धतिमा लाग्नु असम्भव प्रायः देखिन्छ । त्यहाँ अठोट लगाइन्छ र विशेष गरी गहकिला विषयहरूमा (जस्तै विश्वको उत्पत्ति, परिवर्तन, सूर्यचन्द्र ताराहरूको प्रकृति र तिनीहरूको स्वभाव, विश्वको संचालन, मृत्यु र जीवन इत्यादि) यस्ता अठोटहरू समाजका गण्यमान्य, व्यक्तिहरू (जस्तै महात्मा, सन्त, ऋषिमुनि आदि) बाट गरिएका हुन्छन्, जसलाई उनीहरू सत्य हो भनी घोषणा गर्छन् र सामान्य जनहरू विनाप्रश्न आँखा चिम्ली श्रद्धापूर्वक विश्वास गर्न थाल्छन् ।

प्रायशः यस्ता अन्धविश्वासहरू वस्तुपरक सत्य हुँदैनन्, मन गढन्ते अठोट भएकाले पछि गएर वैज्ञानिक सत्यसँग बाफिन जान्छन् पनि । यो पनि एउटा कारण हो किन हाम्रा धर्महरू र पुरान कथाहरूमा अवैज्ञानिक प्रसङ्गहरू प्रशस्त मात्रामा हुन्छन् ।

तर मनगढन्ते किन नहोस् जब जनताले समाजमा प्रतिष्ठित मान्यजनहरूबाट आएको नाताले यथार्थ भनिएको कुनै अठोटलाई यथार्थ मानी सकार्छ, तब त्यही ठीक मानिन्छ र त्यस्को विपरित जसलाई पनि पाप र धर्मविरेधी दण्डनीय सम्झिन थाल्छ । बाइबलमा लेखिएको विपरित आफ्नो खोजले देखाएको 'पृथ्वीले सूर्यको परिक्रममा गर्छ' भन्ने तथ्य दुनियाँसामू ल्याउन प्रयत्न गरेबापत इटलीका वैज्ञानिक गेलीलियोले पनि यस्तै दशा भोग्नुपरेको थियो ।

थाहा नभएको विषयलाई थाहा छैन भन्नु सत्य हो, तर समाजमा यस्तो परिस्थिति पनि आउँछ जब बाध्य भएर थाहा छैन भनी लाजले भुतुक्क हुनुभन्दा 'यस्तो हो' भनी आफ्नो विद्वत्याइँ देखाउनु जाति लाग्छ । जस्तै चन्द्रमालाई देखाएर सानो छोराले बाबुलाई सोध्छन् "बा, त्यो के हो, किन आकाशमा घुमिरहन्छ ?" अब घरको प्रतिष्ठित मान्छे भएर छोराको अगाडि आफ्नो अज्ञान देखाउनुभन्दा- "त्यो (यो) हो' ... (यस) कारण आकासमा घुमिरहन्छ भनी केही अठोट लगाउनु श्रेयष्कर लाग्नसक्छ जसलाई बच्चाले

सहजै स्वीकार्छ ।

यस्तै सिलसिलामा हाम्रो समाजमा अनेक प्रकारका देवताहरू, भूत, प्रेत, अन्य लोकहरू इत्यादि बारेका अठोटहरूहरू बने अनि तिनीहरू नै श्रद्धापूर्वक सत्य सम्झी पुस्तौंसम्म अन्धविश्वास बनेर फैलँदै गए । यही सिलसिलामा अनेक कथाहरू पनि रचिए जुन कालान्तरमा कथा नभै वास्तविक घटनासरह नै जनमानसमा विश्वास गरिए ।

अन्ध विश्वासहरू हाम्रो समाजमा छ्यापछ्याप्ती छन्, त्यसकारण आफ्नो दिमागलाई अर्काको दास बनाई अन्धविश्वासको जालोमा फसी रहनुपर्दा प्रज्ञा तथा सम्यक्दृष्टि पाउन असंभव प्रायः भइरहेको छ ।

हामीहरू अन्धविश्वासमा यति अभ्यस्त भइसकेका छौं कि कसैले भनेको कुराहरूलाई पत्याउनु हाम्रो एउटा सहज प्रवृत्ति नै बनिसकेको छ । किताबमा लेखिएको छ भनेर वा गण्यमान्य जनहरू यसो भन्छन् भनेर वा पहिलेदेखि चलिआएको भनेर, वा धेरै जसो मान्छेहरू यसै भन्छन् भनेर बिनासोचसमझ, बिनाजाँचबूझ, आँखा चिम्लेर, बुद्धि विवेकलाई बन्धक राखेर विश्वास गर्ने प्रवृत्तिले गर्दा स्वतन्त्रचिन्तनबाट टाढा रहन्छौं, पूर्वाग्रहरहित भएर वस्तु-परक चिन्तन गर्ने हाम्रो क्षमता नष्ट भएर जान्छ ।

यसो नहोस् भन्नाको लागि हामीहरू पनि अबदेखि सचेत भई विवेक बृद्धि लगाई, शील-समाधि-प्रज्ञारूपी सुनौलो मार्गमा लागी समाजमा प्रचलित अवधारणा र अन्धविश्वासहरूबाट बच्न प्रयत्न गर्नु वाँछनीय हुनेछ । आफ्ना केटाकेटीहरूलाई पनि सानैदेखि स्वतन्त्र चिन्तनको अभ्यास गराऔं, अठोट गरे जति सत्य हुँदैनन् भनी ज्ञान दिने केही खेलहरू तर्जुमा गरी खेलाऔं । मुख्य कुरा, ठूला बडाले भनेका कुरा, शिक्षकले भनेका कुरा वा पुस्तकमा लेखिएका कुरा आँखा चिम्ली सत्य हुन् भनी विश्वास गराउनुको साटो, स्वयं उनीहरूले नै आफ्नो बुद्धि विवेक प्रयोग गरी जाँची हेर्ने वानी वसालौं ।

## २. मिथ्या दृष्टिः

कुनै पनि विषयमा वास्तविक सत्य वा यथार्थताको ज्ञान नहुनु र सोभन्दा फरक दृष्टि नै मिथ्या दृष्टि हो, यसको विपरित कुनै पनि विषयमा वास्तविकता वा यथार्थ सत्यको ज्ञान हुनु र सो अनुकूलको दृष्टिलाई सम्यक् (ठीक) दृष्टि भनिन्छ । अन्धविश्वास तथा मिथ्या दृष्टि दुबैको मूल कारण अज्ञानता हो । दुबै भाइभाइ हुन् ।

अन्धविश्वासमा विनासोचविचार, स्वबुद्धि विवेकको प्रयोग नगरी अर्काको भानाईमा आँखा चिम्ली विश्वास गरिन्छ । तर मिथ्यादृष्टिमा कुनै विषयलाई हेर्ने दृष्टि नै बेठीक वा उल्टो हुन्छ, समझ नै फरक हुन्छ ।

एक समय एकादेशका ६ जना बुजुक अन्धाहरूको बीचमा हात्ती कस्तो हुँदो रहेछ भनी थाहा पाउने प्रवल इच्छा जागेछ । उनीहरू सोध्दै सोध्दै हात्ती भएको ठाउँसम्म पुगेछन् । त्यसपछि माहुतेलाई भनेर हात्तीलाई छामेर हेर्न पुगेछन् ।

एकजना अन्धाले सूँड समात्न पुगेछ । "अहो ! हात्ती त सर्पजस्तो पो रहेछ- उसले मन मनै विचार गऱ्यो । अर्को अन्धोले खुट्टा छाम्न पुगेछ, अर्कोले पुच्छर, अर्कोले पेट, अर्कोले दाऱ्हा र अर्कोले कान छाम्न पुगेछन् । खुट्टा छाम्नेलाई डोरीजस्तो, पेट छाम्नेलाई पर्खालजस्तो, दाऱ्हा छाम्नेलाई तरवारजस्तो अनि कान छाम्नेलाई (दाँत) पंखाजस्तो लागेछ ।

त्यसपछि ती छ जना अन्धाहरू एक ठाउँमा भेला भई हात्ती कस्तो रहेछ भन्ने बारे छलफल गर्न थालेछ । भनिन्छ, उनीहरू धेरै बेरसम्म आपसमा ठूलो ठूलो स्वरले कराएर वादविवाद गरी रहेछ, तर उनीहरूको झगडा कहिल्यै टुंगिएन ।

माथिको कथामा जस्तै बहुआयामी सत्यको एकमात्र पक्षलाई ठीक मानेर अरू पक्षहरूको अस्तित्वलाई स्वीकार्न सकेन वा चाहेन भने मिथ्या दृष्टिको रोग लाग्छ ।

भनिन्छ, संसार ऐनाजस्तो छ । हरेकले आफ्नो समझअनुसार संसारलाई देख्छ, बुझ्छ, कामहरू गर्छ, मिथ्या दृष्टि वालाहरू आफ्नो धूनमा पक्का हुन्छन् । आफ्नै भनाई मात्र ठीक हो भनी उनीहरू ठान्छन् । साधारण मान्छेहरूदेखि लिएर सन्तमहात्माहरूसम्म पनि यस रोगबाट पीडित हुन सक्छन् । तर आश्चर्यको कुरा यो छ कि उनीहरू आफूलाई होइन अरूलाई मिथ्यादृष्टिक सम्झन्छन् ।

उदाहरणस्वरूप, यस संसारमा यस्ता मिथ्यादृष्टिकहरू भेट्टिन्छन्, जो भन्ठान्छन् कि प्रकृतिका कुनै सारतत्व, सत्यतत्व भन्ने छैन, जीवनको मुख्य उद्देश्य नै धन ऐश्वर्य प्राप्ति, विषय भोग र कामनाहरूको परिपूर्ति नै हो । "आप भला तो जगत भला, आफ्नो

स्वार्थ पूरा गर्नु, परा उतर्नु"- यिनीहरू भन्छन् । यस प्रकारका मिथ्यादृष्टिकहरूमा दम्भ, हर्ष, अभिमान, क्रोध पौरख तथा अज्ञान हुन्छन् । सयौं आशाको पाशोले बाँधिएका, चिन्ता ग्रष्ट हुन्छन् । "आज मैले यति पाएँ, भोलि अझ यति पाउनु छ, आज मैले यस शत्रुको दमन गरे, भोलि अर्कोको पनि गर्नु छ, म ऐश्वर्य साधन सम्पन्न छु, बलवान छु, सुखी छु, सिद्ध छु, यस्तै विचार गर्दागर्दै उनीहरू दुःख सागरमा गोता मारिरहन्छन् ।

जन्मैदेखि कुनै सत्वप्राणी मिथ्या वा सम्यक् दृष्टि लिएर जन्मदैन । ठूलो भएपछि परिवार तर्फबाट, समाज तर्फबाट र आफ्नै वैयक्तिक अनुभवहरूबाट विभिन्न विषयहरू प्रति दृष्टिकोण बन्न थाल्छ । फलस्वरूप कुनैपनि दृष्टिकोणमा आफ्नो धारणा पक्का हुन गई मिथ्यादृष्टि बन्न जान्छ ।

एकोहोरो पन र "मेरो गोरूको बाह्रै टक्का" भन्ने प्रवृत्तिले मिथ्यादृष्टिलाई बढावा दिन्छ । पक्का मिथ्यादृष्टिकहरू अर्काको कुरै सुन्न चाहँदैनन् । आफ्नै ढिपीमा अडिग रहन्छन् । यसरी उनीहरू वास्तविक सत्यबाट टाढिँदै जान्छन् ।

उदाहरणस्वरूप अघिको हात्ती र ६ जना अन्धाहरूको कथामा ती अन्धाहरूले आफ्नै ढिपीमात्र नकसिकन, अर्काको भनाई वा अनुभव पनि त सही हुन सक्छन भन्ने धारणा बनाई लौ त हामी सबै मिली वास्तवमा हात्ती कस्तो हुँदो रहेछ त भन्ने बारे एउटा साधारण बनाऔं त भनी खुला दिलले अर्काको भनाइ र अनुभवलाई पनि समेटिएर हात्तीको स्वरूप बनाउनमा लागेको भए सायद एउटा यस्तो जनावरको स्वरूप तयार हुन्थ्यो होला जुन हूबहू हात्तीजस्तै नभएर पनि हात्तीको धेरै नजिक हुन्थ्यो । त्यसो नगरी आफ्नो ढिपी कसी वादविवाद गरिरहेकाले उनीहरू विवादमै अल्झी सत्य जान्नुबाट टाढै रहे ।

भगवान् बुद्धको समयमापनि मिथ्या दृष्टिक ( तैर्थिक परिव्राजकहरू आफ्ना शिष्य मण्डली साथमा लिई घुम्ने गर्थे । आफ्नो मत फैलाउन कोशिस गर्थे । कोही मृत्युपछि सबै नष्ट हुन्छन्, केही बाँकी रहँदैन भन्थे । कोही शास्वतवादी हुन्थे, जसका अनुसार शरीरलाई बचाई राख्ने कुनै अजरअमर तत्व हुन्छन् । कोही नास्तिकवादी हुन्थे जसअनुसार भएका यथार्थहरू पनि केही छैनन्, कोही अहेतुक दृष्टिका हुन्थे, जसको मत अनुसार विनाहेतु नै सबकुछ हुने गर्छन्, कोही अकृय दृष्टिका हुन्थे, जसअनुसार कर्मको कुनै मतलव हुँदैन, न पाप भन्ने हुन्छ न पुण्य । भनिन्छ कि यिनीहरू आफ्ना धूनमा यति पक्का हुन्थे कि भगवान् बुद्धसँग सम्वाद गर्न पनि उनीहरू नफ्रत गर्थे ।

मिथ्या दृष्टिको अचूक औषधी पनि प्रज्ञा नै हो । यथार्थसत्य के हो भनी बुझ्न हरबखत तयार रहनु, सत्यको उज्यालो घाम कुनै बखत पनि कतैबाट आउन सक्छ भनी पूर्वाग्रहरहित भई तयार भएर होस राखी बस्नु, आफ्नो ढिपी छोडी खुला दिल र दिमाग राख्ने प्रवृत्तिको विकास गर्नु नै यस रोगको अचूक औषधि मान्न सकिन्छ ।

बडे बडे विद्वानहरू पनि मिथ्या दृष्टिवाला हुन सक्छन् भन्ने कुरामा विश्वास राखी आफैले प्रज्ञाको प्रकाशमा ठीक बेठीक छुट्याउने अभ्यास सिक्नु वाँछनीय हुनेछ ।

ठूलो भएर मिथ्या दृष्टि पाकिसकेपछि त्यसको उपचार गर्नु गाऱ्हो हुन्छ, भगवान् बुद्धका पालाका मिथ्या दृष्टिकहरूलाई जस्तै । सानै उमेरदेखि खुला दिल र दिमाग विकास गर्नेतर्फ हामीहरू सचेतभै लाग्नु वाँछनीय हुनेछ ।

हामी आफैले पनि सचेत भई सोच्नु अत्यावश्यक छ, के हामी मिथ्या दृष्टिमा त लागेका छैनौं ? शील-समाधि-प्रज्ञाको बाटोमा लागी आफैले आफ्ना दृष्टिकोणहरू कति सम्यक् छन् वा मिथ्या जाँची हेर्ने अभ्यास बसाल्नु पनि अत्यावश्यक छ ।

सारांशमा, अन्धविश्वास र मिथ्यादृष्टि यस्ता सामाजिक एवं व्यक्तिगत रोगहरू हुन्, जुन बाहिरबाट हेर्दा खेरी झट्ट देखिने हुँदैनन् तर भित्रभित्रै धमिराले झैं व्यक्ति र समाजलाई खोक्रो र विषाक्त पारी कमजोर तुल्याउँछन् । यी रोगहरूले सामाजिक जीवनलाई विषाक्त तुल्याई कलहझगडा र अशान्तिको वातावरण सृजना गरिरहेका हुन्छन् ।

अतः हाम्रो समाजमा सुख शान्ति स्थापना गर्नको लागि र व्यक्तिगत सुख शान्तिको लागि पनि यी दुई रोगहरूबाट बच्न र अरूलाई पनि बचाउन यथासक्य प्रयत्न गरौं । यसो गर्नाले हामी सबैको कुशल मंगल नै हुनेछ ।

# मेरो स्मृतिको परिवेशभित्र श्रद्धेय कुमार भन्ते



✍ घनश्याम राजकर्णिकार

'बत्तीमुनी अँध्यारो' भनेझैं बुद्धको जन्मस्थल नेपालमा बुद्धधर्म त्यति प्रचलित छैन जतिको जापान, दक्षिण कोरिया, बर्मा, श्रीलंका, थाइल्याण्ड, लाओस, भियतनाम आदि देशमा छन् । भनिन्छ मल्लकालीन नेपालमा र एकतन्त्रीय राणा शासनकालमा यस धर्मले हुनसम्मको कुठाराघात सहनु परेको थियो । साँच्चै भन्ने हो भने प्रजातन्त्रको उदय भएपछि मात्र हामी नेपालीहरूले फुक्का रूपमा बुद्धधर्मको प्रचारप्रसार गर्न पायौँ । त्यसपछि लगत्तै हाम्रो देशमा बुद्धधर्मजस्तो मानव कल्याणकारी धर्मको सम्बर्द्धन र सुशोभन क्रमिक रूपले बढिरहेछ । हाल यहाँ थेरवादी बुद्धधर्मको प्रचारप्रसार र सम्बर्द्धनमा भिक्षु, श्रामणेर, अनागारिका तथा उपासक उपासिकाहरूले महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यसै क्रममा श्रद्धेय भिक्षु आचार्य कुमार काश्यप महास्थविरको योगदान पनि अग्रपंक्तिमा पर्न आउँछ । उहाँले नेपालमा बुद्धधर्मको प्रचारप्रसार र सम्बर्धन गर्नमा अतुलनीय भूमिका निभाउनुभएको छ । उहाँका विगत जीवनतिर फर्केर हेर्दा हामीलाई के थाहा हुन्छ भने रणाकालीन नेपालमा हिन्दूधर्मका अन्धभक्त राणाहरूबाट बौद्ध अनुयायीहरूलाई शत्रुतापूर्ण व्यवहार गरिन्थ्यो । त्यस्तो अवस्थामा पनि भिक्षु कुमार काश्यप बुद्धधर्ममा प्रव्रजित भई भिक्षु बनी बुद्धधर्मको पुनरूत्थान गर्नमा तनमनले सचेष्ट रहनुहुन्थ्यो । तर त्यसबेलाका क्रुर शासकलाई बुद्धधर्मका यस्ता धार्मिक क्रियाकलाप मान्य भएन । फलस्वरूप बुद्धधर्ममा प्रव्रजित भएका भिक्षु कुमार काश्यकलगायत अरु ७ जना भिक्षु/श्रामणेरहरूलाई वि. सं. २००१ मा तत्कालीन प्राइममिनिष्टर जुद्धशमशेरले देशनिकाला गरी आफ्नो घृणित अनुहार प्रजासमक्ष प्रस्तुत गरे ।



राणा शासकले जतिसुकै दुःख दिए तापनि बुद्धधर्मप्रति श्रद्धेय कुमार भन्तेको आस्थामा कुनै कमी आएन तथा उहाँ कहिल्यै विचलित हुनु भएन । त्यसबेला क्रुर शासकको छुद्र क्रियालई हाँसी-हाँसी ग्रहण गर्दै उहाँ सोझै कालिम्पोङ् जानुभयो । केही दिन त्यहाँ बसी उहाँ बौद्ध स्थल सारथनाथ जानुभयो र त्यहाँ केही महिना बस्नुभयो । त्यसपछि बुद्धधर्ममा उच्चअध्ययन गर्न वि.सं. २००२ मा उहाँ श्रीलंका जानुभयो, जहाँ १० वर्षसम्म बुद्धधर्म र पाली साहित्यको विस्तृत अध्ययन गरी त्रिपिटिकाचार्यजस्तो गरिमामय उपाधि हासिल गर्न सफल हुनुभयो । हालसम्म त्रिपिटिकाचार्य उत्तीर्ण गर्नुहुने नेपालमा उहाँमात्र हुनुहुन्छ । आफ्नो अध्ययन पुरा भएपछि आफ्नो देशमा बसेर बुद्धधर्मको श्रीवृद्धिमा योगदान पुऱ्याउन उहाँ वि.सं. २०१७ मा काठमाडौं आई बस्नुभयो । बुद्धधर्मको विकासमा उहाँले पुऱ्याउनुभएको योगदानलाई कदर गर्दै भारत सरकारले उहाँलाई **'महासद्धम परियत्ति प्रदीप'** उपाधिले सुशोभन गरिएको छ भने श्रीलंका सरकारले **'विद्यालंकार पद्मभूषण'** उपाधि प्रदान गरिएको छ । त्यस्तै म्यानमार (बर्मा) सरकारले **'अग्गमहासद्धम्मजोतिकधज'** जस्तो गरिमामय उपाधिले सुशोभन गरिएको छ उहाँ भन्तेलाई ।

नेपालको बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित श्रद्धेय भन्ते आचार्य कुमार काश्यप महास्थविर यही २०६७ साल श्रावण १९ गतेदेखि ८४ वर्षमा प्रवेश गर्नुभयो । बुद्धधर्मका तपस्वी श्रद्धेय भन्तेबारे अब मेरा केही अनुभूतिहरू कोरेर उहाँप्रति स्थापित मेरो असीम

श्रद्धाभाव र वन्दना व्यक्त गर्न लालायित छु ।

श्रद्धेय भन्तेसँग मेरो उठबस, चिनजान भएको धेरै भइसक्यो । आजभन्दा ३५-३६ वर्षअघि कहाँ, कसरी, कुनबेला उहाँको सान्निध्यमा म आइपुगें सम्झना भएन । तर उहाँप्रति स्थापित मेरो सद्भावना तथा आदरभावमा कुनै कमी आएको छैन । बुद्धधर्मप्रति प्रतिबद्ध उहाँजस्ता आदरणीय सत्पुरूषलाई म सदासर्वदा आदर गर्दछु, सम्मान गर्दछु साथै निरन्तर वन्दना पनि गर्दछु ।

निश्चय नै नेपालको थेरवादी बौद्धजगतमा भिक्षु कुमार काश्यप महास्थविर एउटा उलेख्य नाम हो । धर्मको नाममा पाखण्डी बनेका धर्मगुरूहरू यत्रतत्र धेरै पाइन्छन् । तर थोरै मात्र यस्ता छन् जो आफ्नो भौतिक सुखसयललाई एकातिर पन्छाएर सानो रूपको बुद्ध हुन प्रयासरत छन् । मलाई लाग्छ श्रद्धेय कुमार भन्ते यस्तै रूपमा हामीमाझ हुनुहुन्छ । उहाँजस्ता आदरणीय मनीषीको हामीले श्रद्धा गर्नुपर्छ, मानमर्यादा गर्नुपर्छ । यसो गरेमा आउँदा सन्ततीले हामीलाई श्रेयभागी भन्नेमा विश्वस्त छु ।

श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर - बारे मेरा पवित्र सम्झनाहरू धेरै भएपनि यहाँ केवल एक दुईओटा प्रसङ्ग मात्र उल्लेख गरी उहाँ कस्तो व्यक्तित्वका सत्पुरूष हुनुहुन्छ भन्ने बारे एउटा सानो झझल्को प्रस्तुत गर्न लागिरहेछु ।

विक्रम् सम्बत् २०३६ सालको कुरा हो, एकदिन आनन्दकुटी विहारमा बुद्धधर्मबारे उहाँको धर्मदेशना सुनिरहेको थिएँ । त्यसबेलासम्ममा मेरो पहिलो पुस्तक **'केही चिन्तन : केही मन्थन'** प्रकाशित भइसकेको थियो । यो कुरा भन्तेलाई पनि थाहा थियो होला । त्यस जमघटमा भन्तेले मलाई लक्षित गरी मेरो नाम उल्लेख गरी बुद्धधर्मबारे नेपाली भाषामा पनि लेख्न सुझाव दिनुभयो । त्यसबेला त्यहाँ उपस्थित सबैको अगाडि मेरो नाम उल्लेख गर्दा बुद्धधर्मबारे नेपालीमा मैले पनि केही लेख्नुपर्छ भन्ने भावना ममा उब्ज्यो । त्यसलगत्तै मैले केही दिनपछि भगवान् बुद्धको महिमाबारे नेपालीमा एउटा लेख लेखें । त्यो लेख भन्तेलाई सुनाउँदा उहाँ धेरै हर्षित तथा प्रफुल्लित हुनुभएको म अहिले पनि झलझली सम्झन्छु । यसरी बुद्ध र बुद्धधर्मबारे लेख्न प्रेरणा दिनुहुने उहाँ कुमार भन्तेलाई सदासर्वदा सादर वन्दना टक्र्याउनु म आफ्नो कर्तव्य ठान्दछु ।

अर्को कुरा, नेपाली साहित्याकाशमा बुद्धधर्मजस्तो मानव कल्याणकारी धार्मिक विषयका पुस्तकहरू थोरै भएकोले यस दिशातिर केही गर्नसके आफ्नो धार्मिक इच्छा परिपूर्ति हुने मैले ठानें । यो कुरा भन्तेलाई सुनाउँदा उहाँले खुशी हुँदै बुद्धधर्मबारेका केही पुस्तकहरू र 'आनन्दभूमि' पत्रिकाका धेरै प्रतिहरू मलाई दिनुभयो । उहाँले दिनुभएका पुस्तकहरू र पत्रिकाहरूबाट नेपाली भाषामा लेखिएका राम्रा गहकिला लेखहरू छानी तिनीहरूको सम्पादन गरी एउटा पुस्तक तयार गरें, जसलाई **'बुद्धको सम्झना कल्याणको कामना'** भनी नामकरण गरें । यसरी यो संपादित पुस्तकको सुरूवात उहाँ श्रद्धेय भन्तेको सत्प्रेरणाबाट भएको भन्नुमा मलाई गौरव अनुभव हुन्छ । वि. सं. २०३९ मा प्रकाशित यो सम्पादित पुस्तक लोकप्रिय हुँदै हालसम्ममा यसको तेस्रो प्रकाशन भइसकेको छ । त्यसपछि **'बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म'** र **'बुद्धज्योतिका केही रश्मि'** नामक बुद्ध र बुद्धधर्मसम्बन्धी दुईओटा पुस्तकहरू पनि लेखी प्रकाशित भैसकेका छन् ।

यसरी भगवान् बुद्ध र बुद्धधर्मबारे नेपाली भाषामा लेख्न प्रेरणा र हौसला दिनुहुने श्रद्धेय कुमार भन्तेप्रति नतमस्तक बनी सादर वन्दना गर्दै उहाँ बारेका केही उद्गार यही टुंग्याउछु । ☸

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

# अक्षय सुख भेट्टाउन समता जरूरी



✍ लोक बहादुर शाक्य

समता भनेको अनाशक्ति हो भने विषमता आशक्ति भएको हो । आशक्तिद्वारा दुःख हुने हुन्छ अनि अनाशक्तिबाट सुख शान्ति हुने हुन्छ । चित्तमा निरन्तर सुख दुःखको संवेदना प्रकट भइरहने स्वभाव हो । सुख संवेदना मनपर्ने भएकोले त्यसलाई कायम गरी राख्न अनेक प्रयासको साथै कहिले षडयन्त्र समेत गर्ने हुन्छ । तर प्रकृतिको परिवर्तन हुने नियमानुसार सुख संवेदना नष्ट भइरहने पनि भयो । दुःख संवेदना प्रकट भयो कि द्वेषभावना प्रकट भएर आतुर वातावरण विकास हुने हुन्छ । दुबै अवस्थामा अशान्त तथा वेचैन भइरहन्छ । विपश्यना ध्यान चर्या निरन्तर अभ्यास गरेर दुःखसुखको अवस्थामा पनि मनमा राग, द्वेष र मोह टाढा छुट्याएर अनाशक्ति भावना प्रकट गरेर सन्तुलन गरी राख्नु नै समता धर्म हो ।

समता धर्म जीवन जगतबाट भागेर जाने होइन । जीवन अभिमुख भएर निर्वाह गर्ने हो । जीवन तथा विषयबाट पलायन भएर कहाँ जाने ? सारा संसार विषयबाट भरेको छ । विषयबाट के बिगारिराखेको छ ? शत्रु पनि होइन, मित्र पनि होइन । असल पनि होइन, खराब पनि होइन । त्यसप्रति कुशल-अकुशल आफ्ना आफ्ना दृष्टिकोण जसरी अनाशक्त दृष्टिकोण अथवा आशक्त दृष्टिकोण भइरहन्छ । विषयमा नभुलिकन समता, अनाशक्ति दृष्टिकोणबाट हेर्नु नै प्रज्ञापूर्वक तथा सम्यक् दृष्टिबाट हेर्नु हो । अनि यही विदर्शना साथमा विपश्यना छ । समतामयी विपश्यनाको दृष्टि अवलम्बन गर्नसके म, मेरो तथा राग द्वेषको भावना मुक्त हुन्छ । जस्तो छ उस्तै देख्न सकिन्छ । अन्य प्रतिक्रिया पनि गर्नु नपर्ने हुन्छ । समता दृष्टिकोण स्थिर भएपछि कामकुरो शुद्ध भएर कल्याणकारी हुन्छ ।

अन्तर दृष्टिको समता विकसित भयोकि योगक्षेम पुष्ट हुने भयो । यसको परिणामस्वरूप हजारौं प्रतिकुल परिस्थिति सामना गर्नु परेपनि आफ्नो सुरक्षाको मिथ्या भए टाढा भएर जान्छ । जीवनमा वैशारद्य तथा निर्भयता आउँछ । पछि के हुन्छ भनेर आकुलव्याकुल हुने छैन । धन-दौलत, पद-प्रतिष्ठा, मान-मर्यादा, सत्ता-शक्ति, स्वास्थ्य-आयु सुरक्षित हुने नहुने आदि निरर्थक चिन्ताद्वारा विमुक्ति हुन्छ । समता भावनाद्वारा मन, वचन र शरीर शुद्ध भएर कामकुरोमा सामञ्जस्य भएर रहन्छ । समताको सुख सर्व श्रेष्ठ छ, अनि स्वस्थताको आधार पनि हो । समता धर्म मध्यम मार्गको धर्म हो । साथै आत्म-मङ्गल तथा परमङ्गलको समन्वय सामञ्जस्यको धर्म हो । सबै व्यक्ति आफ्ना आफ्ना कर्मद्वारा प्रभावित भैरहन्छ । अनि समाजको काम कुरोबाट पनि असर परिरहन्छ । अझ आफ्नो काम कुराबाट नजिक रहेका मानिसहरूलाई पनि असर पार्ने कुरा बिर्सनु हुँदैन । व्यक्ति र समुदायको सम्पर्क विषय समता सामञ्जस्य घनिष्ठ सम्पर्क राख्नु नै शुद्ध धर्मको मङ्गल परिणाम हो ।

जबसम्म म को संकीर्णतामा आवद्ध भइरहन्छ, तबसम्म म को लागि अकुशल कामकुरो गर्न अग्रसर हुने हुन्छ । अझ म को पनि मेरो भावना विकसित भयो भने अरूको हितसुखको परवाह नगरी आफ्नो स्वार्थको निम्ति मात्र दत्तचित्त भएर कुचेष्टा पनि गर्ने हुन्छ । अहम भावको कारण लोभमा फसेर सामाजिक समतालाई पनि डरलाग्दो असर पार्दछ । आर्थिक, सामाजिक, राजनैतिक विभिन्न क्षेत्रमा अहम्को पोषण गर्न समान अधिकार नाघेर अविवेकि कामकुरो गरेर पशुतुल्य पनि हुने हुन्छ । मानिस सर्व श्रेष्ठ प्राणी भएको पवित्र सिद्धान्त बोध गरी शुद्ध साम्यभाव प्रतिस्थापित गर्नसके मात्र आफू तथा परको सीमा नाघेर शोषणरहित सहकारिक समाज सिर्जना गर्न सक्नेभयो, यथार्थ रूपले क्रोध पन्छाएर मृदुता आउने भयो, अन्याय दबाएर न्याय प्रादुर्भाव हुने भयो, संकीर्णता दबाई विशालता विकसित हुन्छ, अहम्भाव हीनभाव एकातिर पन्छाई भातृभाव विकसित हुन्छ, अधर्मको ठाउँमा धर्म प्रादुर्भाव हुने हुन्छ । विपश्यना आचार्य

सत्यनारायण गोयन्काकृत **'धर्म आदर्श जीवनका आधार'** पुस्तककमा उल्लेख भएको उपरोक्त सत्य तथ्य कुराहरू सफल मनुष्य जीवनको निम्ति बोध गरेर अनुशरण गर्न अत्यावश्यक छ । साथै आफ्नो मिथ्या स्वार्थी सुरक्षा गर्न आतंकित भएर दुर्वल मानिसहरूलाई सास्ति गरिरहने पनि छन् । यस्तो भावना नराखी समता पुष्ट भयो भने सामञ्जस्य, समन्वय, स्नेह, सौहार्द्रता, सहिष्णुता, सहयोग, सद्भाव, सहकारिता, सहसमाज हुने भयो, अझ उच्चस्तरको समता पुष्ट भयोकि आफ्नो हानी भएपनि परवाह नगरी अरूको हित गर्न तत्पर हुनेभयो ।

वज्रयान सिद्धान्तअनुसार स्वयम् प्रज्ञावान नभइकन वैराग्य भावना उत्पन्न हुनेछैन । वैरागचित्त नभइकन भिक्षु भएर सार छैन । चित्तलाई वज्रसमान दृढ गरेर प्रज्ञामूर्तिद्वारा प्रेरणा लिई वैज्ञानिक प्रयोगशालाअनुरूप अनेक सरसामान साधन जोरेर पूजा-पाठ, ध्यान, अध्ययन, जपतप व्रतको माध्यमबाट मजबुतिसाथ चर्यामा लागेर गृहस्थी भएर पनि यही जीवनमा बुद्धत्त्व प्राप्त गर्ने वज्रयानको मनसाय भएको पाइन्छ । यसको मूल आधार समानता, सर्वप्रकारले जगतहित र धर्मसमन्वयमा जोड दिइएको छ र यथार्थ प्रकृतिलाई बढि महत्त्व दिइएको छ । वज्रयान बौद्ध-तन्त्रमा देखापरेका देवदेवीहरू काल्पनिक रूपान्तर प्रज्ञामूर्ति मात्र हो । काठमाडौं उपत्यकाको वज्रयान सम्प्रदाय विहार बहीका पदाधिकारीहरूको मुल्याङ्कन गर्दा सन्ध्या टाइम्स दैनिक पत्रिकाको २०६४ कार्तिक १३ को अंकमा प्रकाशित श्रीमान् डा. नरेशमान वज्राचार्यको लेखमा "दीक्षाप्राप्त गरिसकेकामध्ये पनि अधिकांश जसो बुद्धधर्मको आधारभूत सिद्धान्त - अनित्य, दुःख र अनात्माको ठीक विपरित शाश्वतवादी, देववादी, ईश्वरवादी, आत्मावादी भइरहेको छ । बुद्धधर्मको आधारभूत शील पञ्चशीलको विपरित मासु, रक्सि, जाँडको दुरूपयोग गरिआएको छ । बौद्ध व्यवहार समानताको ठीक विपरित जातीय, लैङ्गिक, छुवाछुत, भेदभाव, फलानाले दिएको खानु हुँदैन आदि अवैज्ञानिक, असमाजिक, नातिकुतिको व्यवहार गरिआएको छ । तर यस किसिमका महानुभावहरूबाट पनि नेवाः बौद्ध संस्कृति बाँचिरहेको तथ्य भने बिर्सनु हुँदैन" भनी उल्लेख गरिएको पाइन्छ । त्यसैले नेपालको बौद्ध जनहरूले साम्प्रदायिक भावना नराखी पहिले आफू बौद्ध भनी सम्झी बुद्धयान अपनाएर बौद्धहरू एकतावद्ध हुने समयको माग भइरहेको छ ।

बौद्ध मार्गीहरूको मुल्याङ्कन गर्दा सन्तानब्बे प्रतिशत ईश्वरवादी भएको भन्नुपर्ने अवस्था छ । त्यसैले वज्रयानको प्रगतिशील सिद्धान्तअनुसार सर्वशक्तिमान ईश्वरको धारणा नराखी परिकल्पित प्रज्ञामूर्तिको रूपमा मात्र देवदेवीहरू मानेर उनीहरूसँग भएका गुण र प्रज्ञाद्वारा प्रेरणा लिएर साँच्चैको अनीश्वरवादी बौद्ध हुनको निम्ति गतिशीलपूर्वक पाइला चाल्नुपरेको छ । यही तरिका आत्मावादी विषय पनि बुद्धधर्ममा क्लेश भएसम्म मात्र पुनर्जन्म हुन्छ । क्लेशावरण तथा ज्ञेयावरणबाट पार भयोकि फेरी जन्म नहुने भएकोले अमर आत्मालाई बुद्धधर्ममा स्थान छैन । यथार्थ रूपले बुद्धधर्म-दर्शन बोध गरेर चर्या गर्नसके वास्तवमा आत्मा नभएको सिद्धान्त बुझ्न सकिन्छ । यसको कारण द्वादशाङ्ग प्रतीत्यसमुत्पाद (अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरा, मरण) बोध गर्न सक्छ । फेरि अनेक जादू समानको अलौकिक कुरा सुनेर समय बर्वाद गर्ने कामलाई बुद्धधर्म-दर्शनमा स्थान छैन । यथार्थमा बुद्धले देशना गर्नुभएको उपदेशलाई अझै पनि गतिशीलपूर्वक बुझ्ने सिलसिलामा शील, समाधि, प्रज्ञा बोध गरेर सक्षम बौद्ध हुन धेरै चर्या गर्नुपर्ने कटु यथार्थ नेपालको स्वनामधन्य धर्माधिकारीहरूले बारम्बार सम्झेर बौद्ध समाजको नेतृत्व गर्नुपरेको छ । यस्तो अत्यावश्यक कार्यक्रम समय छँदै चालु गर्न सकेन भने पछि पछुताउनु पर्ने हुँदा समयमै सचेत हुनुपर्‍यो । यथार्थमा थेरवाद, महायान, वज्रयान तीनै यानमा पञ्चशीलदेखि निर्वाणसम्म (१. पञ्चशील, २. चतुरार्यसत्य, ३) अष्टाङ्गिक मार्ग, ४. चतुर्ब्रह्म विहार, ४. प्रतीत्यसमुत्पाद, ६. सप्तत्रिंशत् सम्बोधिपाक्षिका, ७. दशपारमिता, ८. दशभूमि) मौलिक बुद्धधर्मको रूपमा मानिआएको स्पष्ट छ । अतः यानको भेद नगरी माथिको समता धर्म बोध गरेर व्यवहारमा लागु गरी सुखी-जीवन निर्वाह गर्न बौद्धहरू एकताबद्ध रूपमा अग्रसर हुन सकोस् भनी सविनय अनुरोध गर्दछु ।

# नेपालमा बुद्धधर्म उत्थानका लागि वर्तमान भिक्षुहरूको भूमिका



✍ भिक्षु धर्ममूर्ति महास्थविर

**पृष्ठभूमि :** सिद्धार्थ कुमार इ. पू. ६ औं शताब्दितिर लुम्बीनिमा जन्मनुभएको र बुद्धत्व प्राप्तिपछि कविलवस्तु पाल्नुभएको र प्रव्रज्यादीक्षा एवं धर्मोपदेश गर्नुभएको तथ्यहरूले ऐतिहासिक नेपालमा बुद्धधर्म रहेको कुरा पुष्टिन्छ ।

सम्राट अशोकले धर्मदूत सेवाअन्तर्गत स्वयम् नेपाल पाल्नुभई लुम्बिनीस्तम्भ आदि स्तम्भहरू खडा गर्नु र आफ्नै छोरी नेपाली राजासँग विवाह गरिदिनुका साथै काठमाडौं उपत्यकामा अशोक स्तुपहरू भेटिनुले पनि नेपालभित्र बुद्धधर्म फैलिएर रहेको पुष्टिन्छ ।

नेपालको लिच्छविकालसम्म आईपुग्दा गुं विहार आदिका अवशेषले पनि बुद्धधर्मलाई राज्यानुग्रहजस्तै सर्वसाधारणको अनुग्रह प्राप्त भएको तथ्यले नेपालमा १३ औं शताब्दिसम्म पनि थेरवाद बुद्धधर्म ब्याप्त भई प्रचारप्रसारमा रहेको तथ्य पुष्टि हुन्छ । तर त्यसपछिको इतिहासमा भने नेपालमा प्राय बुद्धधर्म लोप भएको देखिन्छ । हिमाल भेगतिर तिब्बतको प्रभावमा महायान बुद्धधर्म र उपत्यकाभित्र हिन्दू संस्कृति मिश्रित वज्रयान बुद्धधर्म भित्रभित्र सुस्तरूपमा प्रचलनमा रहेको तथ्य बहा:बहीको इतिहास र हिमाली संस्कृतिको अध्ययनले दर्शाउँदछ ।

वर्तमान नेपालमा पुनः थेरवाद बुद्धधर्मको उदय २० औं शताब्दिको मध्यभागतिर भिक्षु महाप्रज्ञाको आगमनले सुरू भएको देखिन्छ । भिक्षु कर्मशील (प्रज्ञानन्द) को प्रथम उपत्यका भिक्षाटनले जग बसेको थेरवाद बुद्धधर्मलाई डा. भिक्षु अमृतानन्दमार्फत श्रीलंका अनि थाइलैण्ड र म्यानमार (बर्मा) जस्ता बौद्ध देशका सरकार, भिक्षु संघ अनि बौद्धहरूले पटक पटक गरेको सहयोगले गर्दा विस्तार भई आज यस अवस्थामा विद्यमान रहेको देखिन्छ । थेरवादी बौद्ध भिक्षुहरूलाई देशनिकाला गरेको कालो इतिहास बोकेको यो देश नेपालभित्र थेरवाद बुद्धधर्म प्रवर्द्धन गर्नु कठिन कार्य भएको विगतका इतिहासले नै देखाउँदछ ।

**उद्देश्य** : सुरूदेखि नै बौद्ध भिक्षुहरूप्रति समग्रमा बुद्धधर्मप्रति संकुचित सोचाई एवं मान्यता रहेको नेपाल र नेपाल सरकार एवं सरकारी नीति तथा कार्यक्रमले गर्दा जनमानसमा पनि यसप्रति नकारात्मक प्रभाव रहनु स्वाभाविक हुन्छ । यस्तो परिस्थितिमा कुनैपनि धर्म त्यहाँ प्रचारप्रसार गर्नु वा फलदायी भूमिका निभाउनु सजिलो कार्य हुँदैन । विशेषतः विगतमा १०४ वर्षसम्मको राणाशासन र त्यसपछि पंचायती निर्दलीय शासनले बुद्धधर्मप्रति देखाएको संकुचित एवं हेला दृष्टिले गर्दा आजसम्म पनि त्यसको प्रभाव समाज र देशमा विद्यमान रहेको देखिन्छ । जसकाकारण समग्रमा बुद्धधर्मको नेपालभित्र प्रचारप्रसार हुनुमा सामाजिक, सांस्कृतिक एवं धार्मिक मूल्यमान्यताले पनि बाधा उत्पन्न गराईदिएको देखिन्छ ।

नेपालभित्र कुल तथा जाति प्रथा लागु गर्नु, जात एवं गोत्रानुसारको कुल देवता बनाई नित्य पूजामा लगाउनु, धेरैभन्दा धेरै साँस्कृतिक चाडपर्वहरू धर्मसँग जोडेर मनाउन लगाउनु कुल, जात र गोत्रानुसारको चाड पर्वहरू भिन्दाभिन्दै बनाउनदिई मनाउन लगाउनु आदि कारणले गर्दा जनमानसमा सही धर्मप्रतिको लगाव कम भएको देखिन्छ ।

वर्तमान नेपालमा विद्यमान बुद्धधर्मअन्तर्गतका महायान तथा वज्रयान सम्प्रदायले बुद्धधर्म हालसम्म विद्यमान राख्नमा पुर्‍याएको योगदानलाई बिर्सनु हुँदैन । अतः ती महायान र वज्रयान पम्प्रदायलाई पनि सहयात्रीको रूपमा अँगाल्दै अफ परिष्कृत बुद्धधर्म-दर्शनलाई जनमानससम्म पुर्‍याउनु हाम्रो उद्देश्य हुनु पर्दछ ।

**सामना गर्नुपर्ने अप्ठ्याराहरू**

१. धार्मिक सद्भाव एवं सहिष्णुता कायम गर्दै आफ्नै धर्मअन्तर्गत पनि भएका अन्य सम्प्रदायसँग समन्वय गर्दै परिष्कृत धर्म र दर्शन जनमानससम्म पुर्‍यानुपर्दा उत्पन्न हुने असहज परिस्थितिहरू ।

२. वर्तमान नेपालभित्र विविध कुल, जाति, गोत्र, धर्म, सम्प्रदाय, भाषा, संस्कृति एवं मूल्यमान्यताहरू कायम रहेकाले ती कुनैलाई पनि आघात वा बाधा वा हानी नपुग्ने गरी परिष्कृत धर्म-दर्शन र मूल्यमान्यता जनमानसमा पुर्‍याउनु पर्ने र सर्वमान्य, सर्वसुलभ, सरल एवं सही तरिकाले मात्र धर्म प्रचारप्रसार गर्नुपर्दा उत्पन्न हुने असहज परिस्थितिहरू ।

३. संयमित, सुसंस्कृत, संगठित एवं सामूहिक तरिकाले ग्राह्य, संग्रहित, परिमार्जित एवं एकताबद्ध र एकरूपता भएका धर्मदर्शन मात्र जनमानससम्म पुर्याउनु पर्ने तथा जहाँ जोसँग धर्म सिकेपनि जानेपनि एकै किसिमको धर्म-दर्शन हुनुपर्ने हुँदा उत्पन्न हुने असहज परिस्थितिहरू ।

**तत्काल निर्वाह गर्नुपर्ने भूमिकाहरू**

१. भिक्षुहरू एकजूट हुनुपर्दछ र सामूहिक तरिकाले एकताबद्ध भई एकरूपता कायम गर्दै एकरूपी धर्म प्रचारप्रसार गर्नु पर्दछ ।
२. भिक्षु महासंघ थेरवाद बौद्ध भिक्षुहरूको/ प्रचारकहरूको सामूहिक एवं सर्वमान्य मूख्य क्षेत्र भएकोले उक्त भिक्षुहरूका बीचमा सहिष्णुता, सद्भाव, एकता र मित्रता कायम गराउनु अग्रणी भूमिका निर्वाह गर्नुपर्ने ।
३. सबै भिक्षुहरूलाई मान्य हुने तरिकाले धर्म प्रचारप्रसारका माध्यमहरू वा श्रोतहरूमा पनि एकरूपता ल्याउनु पर्ने ।
४. सबै भिक्षुहरूलाई मान्य हुने किसिमले नीतिनियम व्यावहारिक पक्षसँग सम्बन्धित गरी तर्जुमा गरी लागु गर्नु गराउन पर्ने ।
५. भिक्षु महासंघको सर्वोच्चता कायम गराउन विभिन्न समितिहरू बनाई कामको बाँडफाड गरी जिम्मा लगाई कार्य विभाजन गरी विभिन्न धार्मिक सामाजिक साँस्कृतिक तथा अध्यापनिक कार्यक्रमहरू अगाडि बढाउनु पर्ने ।
६. थेरवादी भिक्षु, श्रामणेरहरू दिनप्रतिदिन वृद्धि हुँदै गइरहेको परिप्रेक्षमा **'थेरवाद बौद्ध विहार संघ'** स्थापना गरी थेरवाद बौद्ध विहारहरू बीच समन्वय गर्ने, विहार व्यवस्थापन गर्ने विहार संचालनको निम्ति व्यावहारिक नीतिनियम तर्जुमा गरी लागु गर्ने र थेरवाद बौद्ध विहार प्रवर्द्धन एवं वृद्धि गर्दै जाने ।

**समाधान :**

१. योग्य एवं उचित कुलपुत्रलाई मात्र श्रामणेर भिक्षु बनाउनुपर्ने ।
२. श्रामणेर वा भिक्षु बनाइसकेपछि जिम्मेवारीपूर्वक सही धर्मविनय अनि दर्शनको अध्ययन-अध्यापन गर्नु गराउनु पर्ने ।
३. नव श्रामणेर भिक्षुहरूलाई समयसमयमा व्यावहारिक शिक्षा दिइनु पर्ने । उक्त कार्य ती नव श्रामणेर, भिक्षुहरूका आचार्य गुरूको मातहातमा राखी गरिनु पर्ने ।
४. सबै श्रामणेर भिक्षुहरू मिली एक कार्य योजना तयार गर्ने र सो अनुसार अगाडि बढ्ने र बढाउने कार्य गर्ने । अ. ने. भि. महासंघले अनुगमन गर्नुपर्ने ।
५. ती कार्य योजना आ-आफ्नो विहारहरूमा भइरहेको धार्मिक सामाजिक कार्य वाहेकका हुनुपर्ने र सो कार्ययोजना प्रत्येक विहारका श्रामणेर भिक्षुहरूले चक्रतालिकाअनुसार कार्यन्वयन गर्दै जानुपर्ने ।
६. वरिष्ठ जेष्ठ अनुभवी भिक्षुहरूले नवक वा कनिष्ठ भिक्षुहरूलाई समयसमयमा धर्मविनय र व्यावहारिक पक्ष सम्बन्धमा सल्लाहसुझाब एवं मार्गनिर्देशन दिनुपर्ने । सो को लागि महिनामा एक पटक भएपनि संघ भेला गर्नु गराउनु पर्ने ।
७. धर्म-प्रचारप्रसारको लागि एक सामूहिक केन्द्रीय समिति एवं फण्ड खडा गरिनुपर्ने, सो केन्द्रीय समितिले सामूहिक धर्मप्रचारका कार्यक्रम तय गरी सो फण्डमार्फत् कार्यन्वयन गर्नु गराउनु पर्ने । अतः सो फण्डको लागि प्रत्येक विहार र प्रत्येक भिक्षु श्रामणेरबाट आयश्रोतस्वरूप सहयोग रकम अनिवार्य गरी उठाउनु पर्ने ।
८. अखिल नेपाल भिक्षु महासंघ थेरवादी बौद्ध भिक्षु श्रामणेरहरूको सर्वोच्च निकाय हो भने सबै भिक्षु श्रामणेरहरू भेला गराई सर्वोच्च सर्वमान्य संघसंस्थाको रूपमा अनुमोदन गर्नु गराउनु पर्ने ।
९. अखिल नेपाल भिक्षु महासंघले पनि सर्वमान्य सर्वोच्चताको अनुभूति सबै भिक्षु श्रामणेरहरूलाई दिलाउनु पर्ने ।
१०. सर्वमान्य सर्वोच्चताको कार्यभार वहन गरी सक्रिय एवं सकारात्मक भूमिका निर्वाह गर्दे कार्यक्रमहरू प्रवाह गर्दै जानुपर्ने ।

**सारांश :**

श्रामणेर भिक्षुहरूले परिवर्तित समयानुसार वर्तमान युग सुहाउँदो समय सान्दर्भिक धर्मदर्शनको प्रचारप्रसार नेपालमा विद्यमान बहुजातीय बहुभाषीय बहुसांस्कृतिक र बहुधार्मिक परिस्थितिहरूलाई मध्यनजर गर्दै सर्वमान्य एवं सर्वसुलभ किसिमले गर्न प्रेरित हुनु पर्दछ । श्रामणेर भिक्षुहरू धर्मविनयको अधिनमा रही गुरुशिष्य वा ज्येष्ठ-कनिष्ठ अनुशासनलाई कायम गर्दे दुबै पक्षले समन्वयात्मक एवं सकरात्मक भूमिका निर्वाह गर्नु पर्दछ ।

*(त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं जन्मोत्सवको उपलक्षमा सप्ताहव्यापी धार्मिक तथा सामाजिक कार्यअन्तर्गत आयोजित "नेपालमा थेरवाद बुद्धधर्मको उत्थानका लागि वर्तमान भिक्षुहरूको योगदान" विषयक एकदिने गोष्ठीमा अखिल नेपाल भिक्षु महासंघका सचिवद्वारा प्रस्तुत कार्यपत्रमाथि भिक्षु कोण्डन्यले टिप्पणी गर्नुएको थियो । गोष्ठी बारे विस्तृत समाचार यसै पत्रिकाको कभर पृष्ठमा छापिएको छ । - संपादक)*

# आजको आवश्यकता - वृद्धाश्रम



✍ आशाकाजी सेवक, बनेपा

